## तामाकोशी गाउँपालिकाको आर्थिक ऐन २०७८

# तामाकोशी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावनाः तामाकोशी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम तामाकोशी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि तामाकोशी गाउँ क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति करः गाउँपालिकाक्षेत्रभित्र अनुसूचि १ बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत): गाउँपालिकाक्षेत्रभित्र अनुसूचि २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय करः गाउँपालिकाक्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन करः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूचि ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि ११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. पर्यटन शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५. प्राकृतिक श्रोत उपयोग शुल्कः गाउँपालिकाको शहरी क्षेत्रमा सञ्चालित उद्योग, व्यवसाय, कलकारखाना, खानी लगायतको सञ्चालनले वजार क्षेत्र अव्यवस्थित भएकोले नेपालको संविधानको अनुसुचि ८ को खण्ड १० मा उल्लेखित कार्य गर्ने प्रयोजनका लागि यस ऐनको अनुसुचि १४ मा उल्लेखित दरमा प्राकृतिक श्रोत उपयोग शुल्क लगाउन सक्नेछ ।

१६. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची-१

## एकिकृत सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एकीकृत सम्पत्ति कर निर्देशिका, २०६२ संशोधन सहितमा भएको व्यवस्था अनुसार स्वघोषणाको आधारमा एकिकृत सम्पत्ति कर अनिवार्य रुपमा लागू गरिनेछ ।

**करको दररेटः**

**अनुसूची (१)**

एकीकृत सम्पत्ति कर/घर जग्गा कर

दफा (२) सँग सम्बन्धित

| **क्र.सं.** | **मूल्याङ्कन रकम (रु.)** | **एकीकृत सम्पत्ति कर(रु. मा) वार्षिक** | **कैफियत** |
|---|---|---|---|
| १ | रु.१ लाख देखि १० लाख सम्म | प्रति लाख १००।- | |
| २ | १० लाख देखि २० लाख सम्म | प्रति लाख १५०।- | |
| ३ | २० लाख देखि ५० लाख सम्म | प्रति लाख २००।- | |
| ४ | ५० लाख देखि १ करोड सम्म | प्रति लाख २५०।- | |
| ५ | १ करोड भन्दा माथि | प्रति करोड रु.२००० थप हुने | |

एकिकृत सम्पत्ति कर निर्धारणका लागि करदाताले तोकिएको ढाँचामा आफ्नो सबै सम्पत्तिको विवरण खुलाउनु पर्नेछ । करदाताले विवरण पेश गर्दा आफ्नो सबै सम्पत्तिको विवरण नखुलाई पेश गरी कर तिरेपछि लुकाएको सम्पत्ति विवरण पुन: पेश गरी कर तिर्न आएको पाईएमा त्यस्ता सम्पत्तिलाई पुरानो विवरणमा नै समावेश गरी सम्पत्ति मूल्याङ्कन गरी कर निर्धारण गरिनेछ । यसरी निर्धारण हुने कर रकम बराबर जरीवाना थप गरी कर असुल गरिनेछ ।

**नोटः-** एकिकृत कर सम्बन्धमा गाउँपालिकाले निर्णय गरी लागु नगरेको अवधि सम्मको लागी मालपोत र घरजग्गा सम्पत्ति कर असुली गरिनेछ ।

| मूल्याङ्कनको आधार | | | |
|---|---|---|---|
| **क्र.सं.** | **मूल्याङ्कन रकम (रु.)** | **एकीकृत सम्पत्ति कर(रु. मा) वार्षिक** | **कैफियत** |
| १ | कच्ची एक तले घर | १०।- | तला थप हुँदा प्रति तला रु. १०० |
| २ | कच्ची दुई तले घर | २०।- | |
| ३ | पक्की एक तले घर | १००।- | |
| ४ | पक्की दुई तले घर | १५०।- | |
| ५ | पक्की तीन तले घर | २००।- | |

## अनुसूची (२)
भूमि कर (मालपोत)
दफा (३) सँग सम्बन्धित

| मालपोत/भूमिकर | | | | |
|---|---|---|---|---|
| क्र.सं. | मालपोत/भूमिकर | खेत | बारी | कैफियत |
| १ | भूमि कर (उद्योग क्षेत्र) | १०।- | ३।- | प्रति रोपनी |
| २ | भूमि कर (अव्वल) बाँझो राखेमा | १०।- | ३।- | प्रति रोपनी |

## अनुसूची (३)
घर वहाल कर
दफा (४) सँग सम्बन्धित

| घर वहाल कर | |
|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना, जग्गा आदी वहालमा दिएमा सम्बन्धित घरधनीबाट १०(दश) प्रतिशत वहाल कर लिने । |

## अनुसूची -४
व्यवसाय कर
दफा (५) सँग सम्बन्धित

| क्र.सं. | व्यवसायको पूँजी | नयाँ दर्ता | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १ | १ लाख सम्म | ५००।- | ५००।- | |
| २ | १ लाख देखि ५ लाख सम्म | १०००।- | ७००।- | |
| ३ | ५ लाख देखि १० लाख सम्म | १५००।- | १०००।- | |
| ४ | १० लाख भन्दा माथि | ३५००।- | १५००।- | |
| अन्य व्यवसाय कर | | | | |
| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण | कैफियत |
| १ | डिलर भएको | २०००।- | १५००।- | |
| २ | मदिरा पसल खुद्रा | १०००।- | ५००।- | |
| ३ | खुद्रा पसल | १०००।- | ५००।- | |
| मिष्ठान भण्डार | | | | |
| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण | कैफियत |
| १ | साना मिष्ठान भण्डार | १०००।- | ५००।- | |
| सुनचाँदी | | | | |
| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण | कैफियत |
| १ | सुनचाँदी पसल | २०००।- | २०००।- | |
| होटल व्यवसाय | | | | |
| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण | कैफियत |
| १ | बार, लज | ५०००।- | ५०००।- | |
| २ | रिसोर्ट श्रेणी क | ३०००।- | २०००।- | |
| ३ | रिसोर्ट श्रेणी ख | १५००।- | १५००।- | |

| | | | | |
|---|---|---|---|---|
| ४ | साना होटल | १०००।- | ५००।- | |
| ५ | साना मिष्ठान्न भण्डार | १०००।- | ५००।- | |
| | **वित्तिय संस्था** | | | |
| **क्र.सं.** | **विवरण** | **नयाँ दर्ता** | **नविकरण** | **कैफियत** |
| १ | वाणिज्य बैंक प्रधान कार्यालय | २००००।- | १५०००।- | |
| २ | शाखा कार्यालय | १५०००।- | १००००।- | |
| ३ | विकास बैंक प्रधान कार्यालय | १५०००।- | १००००।- | |
| ४ | विकास बैंक शाखा कार्यालय | १००००।- | ५०००।- | |
| ५ | साना लघु वित्तिय संस्था | ५०००।- | ३०००।- | |
| ६ | विमा कम्पनी | १००००।- | ५०००।- | |
| ७ | सहकारी संस्था | ३०००।- | २०००।- | |
| ८ | मनि ट्रान्सफर | ३०००।- | २०००।- | |
| ९ | अन्य संस्था (गैरनाफामुलक संघ संस्था क्लब मण्डल परिषद अध्ययन केन्द्र टोल विकास समिति लगायत) | १०००।- | ५००।- | |
| | | | | |
| | मासु पसल | | | |
| **क्र.सं.** | **विवरण** | **नयाँ दर्ता** | **नविकरण** | **कैफियत** |
| १ | मासु पसल | १०००।- | ५००।- | |
| २ | माछा पसल | १०००।- | ५००।- | |
| | स्वास्थ्य सेवा | | | |
| **क्र.सं.** | **विवरण** | **नयाँ दर्ता** | **नविकरण** | **कैफियत** |
| १ | गैर सरकारी अस्पताल १० वेडसम्म | ५०००।- | ३०००।- | |
| २ | गैर सरकारी अस्पताल १० वेड भन्दा माथी | ७०००।- | ५०००।- | |
| ३ | डाक्टर सेवा क्लिनिक | २०००।- | १०००।- | |
| ४ | ल्याव सेवा | १०००।- | ५००।- | |
| | शिक्षा सेवा व्यवसाय निजी स्तर | | | |
| **क्र.सं.** | **विवरण** | **नयाँ दर्ता** | **नविकरण** | **कैफियत** |
| १ | आधारभूत स्तर | २०००।- | १०००।- | |
| २ | मावि स्तर | ५०००।- | ३०००।- | |
| ३ | प्राविधिक स्तर | २०००।- | १०००।- | |
| | कानूनी सेवा | | | |
| **क्र.सं.** | **विवरण** | **नयाँ दर्ता** | **नविकरण** | **कैफियत** |
| १ | अधिवक्ता | १५००।- | १०००।- | |
| २ | कानूनी परामर्श सेवा | १५००।- | १०००।- | |
| ३ | लेखापढि व्यवसायी | १०००।- | ५००।- | |
| ४ | लेखापरिक्षण क वर्ग | ३०००।- | २०००।- | |
| ५ | लेखापरिक्षण ख वर्ग | १५००।- | १०००।- | |
| ६ | लेखापरिक्षण ग/घ वर्ग | १०००।- | ५००।- | |
| | निर्माण व्यवसायी फर्म | | | |

| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १ | क वर्ग शाखा कार्यालय | २५०००।- | १५०००।- | |
| २ | ख वर्ग शाखा कार्यालय | २००००।- | १००००।- | |
| ३ | ग वर्ग शाखा कार्यालय | १५०००।- | ७०००।- | |
| ४ | घ वर्ग शाखा कार्यालय | १००००।- | ५०००।- | |
| ५ | शाखा कार्यालय नर्माण व्यवसायि | आधा लाग्ने | | |
| | उद्योग व्यवसाय तर्फ | | | |
| **क्र.सं.** | **विवरण** | **नयाँ दर्ता** | **नविकरण** | **कैफियत** |
| १ | खाद्य उद्योग क वर्ग- अधिकतम पूँजी २५ लाख माथी | १००००।- | ५०००।- | |
| २ | खाद्य उद्योग ख वर्ग अधिकतम पूँजी १५ देखि २५ लाख सम्म | ३०००।- | २०००।- | |
| ३ | खाद्य उद्योग ग वर्ग अधिकतम ५ देखि १५ लाख सम्म | १५००।- | १०००।- | |
| ४ | खाद्य उद्योग अधिकतम पुँजी ५ लाख सम्म | १०००।- | १०००।- | |
| **एक भन्दा बढी सामाग्री विक्री गर्ने** | | | | |
| ५ | अधिकतम पुँजी १ लाख देखि ५ लाख सम्म | १०००।- | ५००।- | |
| ६ | अधिकतम पुँजी ५ लाख देखि २० लाख सम्म | २०००।- | १०००।- | |
| ७ | अधिकतम पुँजी २० लाख माथि | ५०००।- | ३०००।- | |
| | अन्य उद्योग | | | |
| **क्र.सं.** | **विवरण** | **नयाँ दर्ता** | **नविकरण** | **कैफियत** |
| ८ | चाउमिन उद्योग | १५००।- | १०००।- | |
| ९ | पाउरोटी उद्योग | १५००।- | १०००।- | |
| १० | आईसक्रिम उद्योग | १५००।- | १०००।- | |
| ११ | मसला पिस्ने उद्योग | १०००।- | १०००।- | |
| १२ | कृषि सम्बन्धी फर्म व्यवसाय | १०००।- | १०००।- | |
| १३ | कुटानी पिसानी/तेल मिल | १०००।- | १०००।- | |
| १४ | पानी उद्योग | ५०००।- | ३०००।- | |
| | **अन्य व्यवसाय कर** | | | |
| १५ | तरकारी पसल | ५००।- | ५००।- | |
| १६ | फलफुल पसल | ५००।- | ५००।- | |
| १७ | किराना पसल | ५००।- | ५००।- | |
| १८ | हेयर कटिङ सैलुन | १०००।- | ७५०।- | |
| १९ | व्युटी पार्लर | १०००।- | ७५०।- | |
| २० | जुत्ता बनाई विक्रि गर्ने पसल | १०००।- | ७५०।- | |
| २१ | साधारण जुत्ता पसल | ७५०।- | ५००।- | |
| २२ | प्लाष्टिक जुत्ता पसल | ५००।- | ५००।- | |
| | **फेन्सी पसल** | | | |
| २३ | फेन्सी पसल क वर्ग अधिकतम पुँजी २५ लाख माथि | ५०००।- | ३०००।- | |
| २४ | फेन्सीपसल ख वर्ग अधिकतम १५ देखि २५ | ३०००।- | २०००।- | |

| | | | | |
|---|---|---|---|---|
| | लाखसम्म | | | |
| २५ | फेन्सी पसल ग वर्ग अधिकतम ५ देखि १५ लाखसम्म | २०००।- | १०००।- | |
| २६ | फेन्सी पसल ख वर्ग अधिकतम ५ लाख सम्म | १०००।- | ७५०।- | |
| २७ | कपडा पसल | १०००।- | १०००।- | |
| २८ | स मिल | ३०००।- | २५००।- | |
| २९ | हेण्ड स आरो | १०००।- | ५००।- | |
| ३० | फर्निचर उद्योग | ५०००।- | ४०००।- | |
| ३१ | साधारण फर्निचर पसल, प्लाइउड, सिसा पसल | १०००।- | ५००।- | |
| ३२ | लघु उद्यम/हस्तकला उद्योग | ५००।- | ५००।- | |
| ३३ | छड सिमेन्ट पसल(पेण्ट डिलर समेत भएको) | १००००।- | ५०००।- | |
| ३४ | छड सिमेन्ट पसल | २०००।- | १५००।- | |
| ३५ | पेन्ट पसल | १०००।- | ५००।- | |
| ३६ | फलाम र सो सम्बन्धी साधारण पसल | ५००।- | ५००।- | |
| ३७ | टीभी, फ्रिज समेत भएको ईलेक्ट्रोनिक पसल | २०००।- | १०००।- | |
| ३८ | ईलेक्ट्रोनिक, विजुली मर्मत पसल | १०००।- | ७५०।- | |
| ३९ | रेडियो घडी, टिभी र अन्य मर्मत तथा विक्रि | १०००।- | ५००।- | |
| ४० | खुद्रा कृषि सामग्री पसल | ५००।- | ५००।- | |
| ४१ | पुस्तक तथा स्टेशनरी पसल | १०००।- | १०००।- | |
| ४२ | छापाखाना प्रेस | २०००।- | १०००।- | पूँजी अनुसार हुने |
| ४३ | कागज उद्योग | ५०००।- | ३०००।- | |
| ४४ | खुद्रा प्लास्टिक पसल | १०००।- | ५००।- | |
| ४५ | औषधि पसल | २०००।- | १५००।- | |
| ४६ | फोटो स्टुडियो (भिडियो ग्राफि सहित) | १०००।- | १०००।- | |
| ४७ | फोटो स्टुडियो | १०००।- | ५००।- | |
| ४८ | पेट्रोल पम्प | ७०००।- | ५०००।- | |
| ४९ | कम्प्यूटर तालिम केन्द्र,भाषा शिक्षण केन्द्र, ड्राईभिङ सेन्टर | १०००।- | १०००।- | |
| ५० | कम्प्यूटर मर्मत केन्द्र | १०००।- | ५००।- | |
| ५१ | सामुदायिक रेडियो प्रशारण | १००००।- | ५०००।- | |
| ५२ | मोटरसाइकल वर्कसप | १०००।- | १०००।- | |
| ५३ | सवारी साधन मर्मत पसल | १०००।- | १०००।- | |
| ५४ | ग्रिल उद्योग | २०००।- | १५००।- | |
| ५५ | ट्यूव मर्मत तथा हावा भर्ने पसल | ५००।- | २००।- | |
| ५६ | पुल स्नुकर | १५००।- | १०००।- | |
| ५७ | ढुवानी सेवा | २०००।- | १५००।- | |
| ५८ | फोटोकपी पसल | ५००।- | २५०।- | |
| ५९ | ईन्जिनियरिङ कन्सल्टेन्सी फर्म | १००००।- | ७५००।- | |
| ६० | पेन्टिङ पसल | १५००।- | १०००।- | |
| ६१ | ग्यास पसल | १०००।- | १०००।- | |
| ६२ | म.म./सुकुटी पसल | १०००।- | १०००।- | |

| | | | | |
|---|---|---|---|---|
| ६३ | सिरक डस्ना पसल | १०००।- | ५००।- | |
| ६४ | मोवाइल फोन मर्मत पसल | १०००।- | १०००।- | |
| ६५ | डिस्टिलरी उद्योग | १५०००।- | १००००।- | |
| ६६ | डेरी उद्योग | २०००।- | १५००।- | |
| ६७ | कुखुरा फर्म | २०००।- | १०००।- | |
| ६८ | माछा फर्म | २०००।- | १०००।- | |
| ६९ | नर्सरी फर्म | १०००।- | १०००।- | |
| ७० | इटा उद्योग | १००००।- | ७५००।- | |
| ७१ | टायल/ब्लक रिङ लगायत सेनिटरी उद्योग | ३०००।- | २०००।- | |
| | **ठुला उद्योग** | | | |
| ७२ | अधिकतम पुँजी ५ करोड माथि | ५००००।- | ५००००।- | |
| ७३ | मझोला अधिकतम पुँजी ५० लाख देखि ५ करोड सम्म | २००००।- | २००००।- | |
| ७४ | साना उद्योग अधिकतम ५० लाख सम्म | ५०००।- | ५०००।- | |

**अनुसुचि ५**

जडीवुटी कवाडी र जीवजन्तु कर

दफा (६) सँग सम्बन्धित

| क्र.सं. | कर शिर्षक (विवरण) | २०७८/०७९ का लागि करको दर | कैफियत |
|---|---|---|---|
| | **जडिवुटि निकासी कर(प्रति के.जी.)** | | |
| १ | चुथ्रो | १।- | |
| २ | चिराईतो | ५।- | |
| ३ | रोजमेरी | ५।- | |
| ४ | तिनतले बाँको | ५।- | |
| ५ | खोटो संकलन | ५।- | |
| ६ | लोक्ता | ६।- | |
| ७ | अर्गेली | ६।- | |
| ८ | लौठ सल्ला | ७।- | |
| ९ | धसिङ्ग्रे | १०।- | |
| १० | वनकस (निजि काठ निकासी) | ५।- | प्रति क्युविक फिट |
| ११ | बाँस | ५।- | प्रति घना |
| | **कवाडि कर** | | |
| ११ | कवाडि सामान | ५ लाख | ठेक्कामा |
| | **जिवजन्तु** | | |
| १२ | खसि, बाख्रा | २५।- | |
| १३ | गाई, गोरु | ५०।- | |
| १४ | राँगा, भैंसी | ७५।- | |

**अनुसुचि ६**

सवारी साधन कर

दफा (७) सँग सम्बन्धित

| सवारी दर्ता तथा नविकरण | | | | |
|---|---|---|---|---|
| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण | कैफियत |
| १ | गाडा, ठेला लगायतका साना सवारी साधन | १००।- | १००।- | |

**अनुसुचि ७**

विज्ञापन कर

दफा (८) सँग सम्बन्धित

| क्र.सं. | कर शिर्षक (विवरण) | २०७८/०७९ का लागि करको दर | कैफियत |
|---|---|---|---|
| १ | जनचेतनामूलक (प्रचार सामग्री, बोर्ड) | १।- | प्रति स्क्वायर फिट |
| २ | व्यवसायिक (प्रचार सामग्री, बोर्ड) | ३।- | प्रति स्क्वायर फिट |

*सास्कतिक तवरले गरिने कार्यक्रममा छुट दिइनेछ ।

**अनुसुचि ८**

मनोरञ्जन कर

दफा (९) सँग सम्बन्धित

| मनोरञ्जन कर | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | शुल्क दर | नविकरण |
| १ | सिनेमा हल, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, थियटर | टिकटको ५ प्रतिशत | टिकटको ५ प्रतिशत |
| २ | चलचित्र सुटिङ | रु. २००० प्रतिदिन | |
| ३ | जादु, सर्कर, चटक, टेलिसिरियल, गित सुटिङ शुल्क | १०००।- | १०००।- |
| ४ | डिक्स तथा व्यापारिक केवल नेटवर्क | १५००।- | १५००।- |

**अनुसुचि ९**

वहाल विटौरी कर

दफा (१०) सँग सम्बन्धित

गाउँपालिकाका सार्वजनिक जग्गाहरु गत/विगत बर्षदेखि भोगचलन गर्दै आए वापत प्रति आना समझौता को विवरण अनुसुचिमा उल्लेख गरे वमोजिम हुनेछ ।

| वहाल विटौरी कर | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | वहाल वटौरी शुल्क | कैफियत |
| १ | जफे मालु च्यामा हाँवा सडक खण्ड आसपास क्षेत्र | रु.५००।- | वार्षिक प्रति आना |
| २ | अन्य क्षेत्र | रु.३००।- | वार्षिक प्रति आना |

**<u>सम्झौताको ढाँचा</u>**

स्थानी सरकार सञ्चालन ऐन, २०७४ र तामाकोशी गाउँपालिकाको आर्थिक ऐन, २०७८ को अधिनमा रहि वहाल, वटोरी कर लिने प्रयोजनका लागि गरिएको सम्झौता पत्र

लिखितम जिल्ला दोलखा, तामाकोशी गाउँपालिका वडा नं. ....., वस्ने ...................................... को नाति/नातिनी ..........................................को छोरा/छोरी ............................... को श्रीमान्/श्रीमती वर्ष ..... को श्री

............................................(यस पछि प्रथम पक्ष भनिने) र तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय, (यस पछि दोस्रो पक्ष भनिने) का विच तपशिलका शर्त तथा वन्देजहरुको अधिनमा रहि तामाकोशी गाउँपालिका वडा नं ....... को कि.नं. ............ को नेपाल सरकारको नाममा रहेको सार्वजनिक जग्गा प्रयोग गरे वापत वहाल विटौरी कर असुल उपर गर्ने प्रयोजनार्थ हामी दुवै पक्ष पूर्ण मञ्जुर भई राजी खुशिसाथ यो सम्झौतामा दस्तखत गरी एक/एक प्रति लियौं/दियौं ।

**शर्त तथा वन्देजहरु**

१. स्थानी सरकार सञ्चालन ऐन, २०७४ को दफा .... र तामाकोशी गाउँपालिकाको आर्थिक ऐन, २०७८ को दफा .... वमोजिम यो सम्झौता गरिएको छ ।

२. प्रथम पक्षले नेपाल सरकारको नाममा रहेको सार्वजनिक जग्गा र सो मा बने/बनाएको संरचना प्रयोग गरे/गराए वापत गाउँपालिकाको आर्थिक ऐन वमोजिम रकम बुझाउनु पर्नेछ ।

३. सम्झौता वमोजिमको रकम प्रत्येक आर्थक वर्ष सकिएको तीन महिनाभित्र दोस्रो पक्षलाई प्रथम पक्षले बुझउनु पर्नेछ । सो नवुझाएमा वार्षिक १० प्रतिशतका दरले हर्जना असुल दोस्रो पक्षले प्रथम पक्षलाई गर्नुपर्नेछ ।

४. वहाल वटौरी कर तिरे वापत प्रथम पक्षले स्थायी तवरले जग्गा वा सो मा निर्मित संरचना प्राप्तिका लागि दोस्रो पक्षसँच कुनै दावी गर्न पाउने छैन ।

५. दोस्रो पक्षले प्रथम पक्षलाई प्राकृतिक प्रकोप वा अन्य विषेश अवस्थामा गाउँ कार्यपालिकाको निर्णयानुसार अल्पकालिन प्रयोगका लागि माग भई अएमा प्रथम पक्षले सम्भव भएसम्म दोस्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

६. प्रथम पक्षको गैर जिम्मेवारीका कारण कुनै मालसामान नष्ट भएमा सो जिम्मेवारि स्वयं प्रथम पक्ष हुनुपर्नेछ र सो को क्षतिपुर्ति दोस्रो पक्षसँग माग दावी गर्न पाइने छैन ।

७. प्रथम पक्षले सेवा करार सम्झौता भंग गर्न चाहेमा १ महिना अगावै दोस्रो पक्षलाई जानकारी गराउनुपर्ने र दोस्रो पक्षले करार सम्झौता भंग गर्न चाहेमा जुनसुकै समयमा भंग गर्न सक्नेछ ।

८. यो सम्झौता एक आर्थिक वर्षका लागि मात्र कायम रहनेछ ।

९. यस सम्झौता पत्रमा उल्लेख भएका शर्त तथा वन्देजहरु समायोजन गर्नुपर्ने भएमा प्रचलित कानूनको अधिनमा रहि दुवै पक्षकव मञ्जुरी बमोजिम गर्न सकिनेछ ।

**प्रथम पक्षका तर्फबाट**

नाम थरः श्री ..............................

प्रयोग गरेको जग्गाको कि.नं. ...........

ठेगानाः ......................................

दस्तखतः-

**दोस्रो पक्षका तर्फबाट**

नाम थरः श्री ..........................

पदः ....................................

दस्तखतः-

इति सम्वत २०.....साल .......... महिना ..... गते रोज ..... शुभम् ।

**अनुसूचि १०**

पार्किङ शुल्कः

दफा (११) सँग सम्बन्धित

| कर शिर्षक (विवरण) | २०७८/०७९ का लागि करको दर | कैफियत |
|---|---|---|
| हाल नतोकिएको | | |

**अनुसूचि ११**

ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¥याफ्टीङ्ग शुल्कः

दफा (१२) सँग सम्बन्धित

| कर शिर्षक (विवरण) | २०७८/०७९ का लागि करको दर | कैफियत |
|---|---|---|
| हाल नतोकिएको | | |

**अनुसुचि १२**

सेवा शुल्क दस्तुर

दफा (१३) सँग सम्बन्धित

| कार्यालयबाट दैनिक संकलन कर, दस्तुर, शुल्क सम्बन्धी विवरण | | | |
|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **शुल्क दर** | **कैफियत** |
| १ | सर्जमिन दस्तुर | १००।- | |
| २ | जग्गा छुट्याउने दस्तुर | १५०।- | |
| ३ | OPD Ticket | १०।- | |
| **घर बाटो प्रमाणित फिल्ड निरीक्षण दस्तुर** | | | |
| **क्र.सं.** | **विवरण** | **शुल्क दर** | **कैफियत** |
| १ | ग्राभेल बाटोले छोएको | ५००।- | |
| २ | कच्ची बाटोले छोएको | २००।- | |
| ३ | बाटो नभएको | ५०।- | |
| ४ | अनुभव प्रमाणित दस्तुर | १००।- | |
| ५ | मिलापत्र शूल्क (दुवै पक्षसँग आधा-आधा) | ५००।- | |
| ६ | रकम कलम उठाई दिएवापत सयकडा | उठाएको रकमको १ प्रतिशत | |
| ७ | जग्गा रोक्का सिफारिस | २००।- | |
| ८ | सिफारिस प्रमाणित दस्तुर | २००।- | |
| ९ | फोटो प्रमाणित मात्र | प्रतिपेज १०।- | |
| १० | निजी स्तरको विद्यालय स्थापना सिफारिस दस्तुर | ५०००।- | |
| ११ | निजी कक्षा स्तरोन्नति सिफारिस दस्तुर | २०००।- | |
| १२ | निवेदन/टिकट | १०।- | |
| १३ | निर्माण व्यवसायी पेट्रोलियम पदार्थ दर्ता सिफारिस | १००००।- | |
| १४ | नेपाली नागरिकता सिफारिस | ५५।- | |
| १५ | नेपाली नागरिकता प्रतिलिपी सिफारिस | ११०।- | |
| १६ | चारकिल्ला प्रमाणित दस्तुर | १५०।- | |
| **विद्युत सिफारिस** | | | |
| **क्र.सं.** | **विवरण** | **शुल्क दर** | **कैफियत** |
| १ | घरेलु विद्युत लाइन जडान सिफारिस | ५५।- | |
| २ | ठुला उद्योगमा विद्युत लाइन जडान सिफारिस | ३०००।- | |
| ३ | मझौला उद्योगमा विद्युत लाइन जडान सिफारिस | १०००।- | |

| पेन्सन सिफारिस | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | शुल्क दर | कैफियत |
| १ | ब्रिटिस/तेस्रो मुलुक | ५०००।- | |
| २ | भारतिय | १०००।- | |
| ३ | नेपाली पेन्सनर | २००।- | |
| विभिन्न सिफारिस | | | |
| क्र.सं. | विवरण | शुल्क दर | कैफियत |
| १ | विवाहित/अविवाहित प्रमाणित | १५०।- | |
| २ | आदिवासी जनजाति लोपोन्मुख दलित प्रमाणीत | २००।- | |
| ३ | चालचलन प्रमाणित | २००।- | |
| ४ | जन्म मिति प्रमाणित | ११०।- | |
| ५ | अन्य प्रमाणित | १५०।- | |
| ६ | नाता कायम/नाता प्रमाणित | १७०।- | |
| ७ | नाता कायम/नाता प्रमाणित अङ्ग्रेजिमा | ३४०।- | |
| ८ | संरक्षक सिफारिस | ५५।- | |
| ९ | बसोबास प्रमाणित | १५०।- | |
| १० | आयस्रोत प्रमाणित | प्रति लाखको रु.३००।- | |
| ११ | अचल सम्पत्त मूल्याङ्कन दस्तुर | प्रति लाखको रु.२००।- | |
| १२ | अङ्ग्रेजीमा गरिने सिफारिसको सेवा शुल्क | नेपालिमा गरिनेको दोब्बर लाग्नेछ । | |
| १३ | ना.प्र.प. सर्जमिन | ५००।- | |
| १४ | अवादी जग्गाको रुख कटान/घरेलु सर्जमिन प्रति रुख | २०।- | |
| १५ | घटना दर्ता सेवा शुल्क(जन्म दर्ताको हकमा ३५ दिन भित्र हुन आएमा निःशुल्क) | ५५।- | |
| १६ | घटना दर्ता संशोधन सर्जमिन | १००।- | |
| १७ | नाम,थर, जन्म मिति प्रमाणित | १५०।- | |
| १८ | घरसारको सिफारिस गाउँपालिका भित्र | १५०।- | |
| १९ | घरसारको सिफारिस गाउँपालिका वाहिर | २५०।- | |
| २० | सुकुम्वासी आयोगले निर्णय गरि जग्गा दर्ता सिफारिस गर्नुपर्ने अवस्थामा | अवल रु. ३००, दोयम रु.२०० र चाहार ५० | |
| २१ | एकिकृत सम्पत्ति कर | नियमानुसार | |
| २२ | सिफारिस प्रतिलिपी दस्तुर | ११०।- | |
| २३ | खा.पा. धारा जडान सिफारिस | १२०।- | |
| २४ | मुहान दर्ता सिफारिस शुल्क | २५०।- | |
| २५ | अन्य सिफारिस दस्तुर | ५५।- | सिफारिसको प्रकृत हेरी नियमानुसार |
| २६ | हल भाडा | १०००।- | प्रतिदिन |

| | | | |
|---|---|---|---|
| २७ | प्रोजेक्टर/अन्य मेशिन भाडा | ५००।- | प्रतिदिन |
| **नक्सा पास दस्तुर** | | | |
| **क्र.सं.** | **विवरण** | **शुल्क दर** | **कैफियत** |
| १ | निवेदन | १०।- | |
| २ | सर्जमिन दस्तुर | १००।- | |
| ३ | नक्सापास फारम विक्री | १०००।- | |
| ४ | घर नक्सा नामसारी दस्तुर | १०००।- | |
| ५ | घर नक्सापास दस्तुर प्रति वर्ग फिट ग्रामिण | १।- | व्यवसायिक प्रकृतिको हकमा रु. ५ प्रति वर्ग फिट |
| ६ | घर नक्सापास दस्तुर प्रति वर्ग फिट सडकले छोएको | ३।- | |
| ७ | ५०० वर्ग फिट भन्दा कम क्षेत्रपल भएका घरको हकमा न्युनतम | ३१५।- | |
| ८ | नक्सा प्रमाणित दस्तुर | ५१०।- | |
| **घटना दर्ता शुल्क** | | | |
| **क्र.सं.** | **विवरण** | **शुल्क दर** | **कैफियत** |
| १ | जन्म दर्ता | २००।- | |
| २ | विवाह दर्ता | २००।- | |
| ३ | मृत्यु दर्ता | २००।- | |
| ४ | बसाईसराइ दर्ता | २००।- | |
| ५ | सम्बन्ध विच्छेद | २००।- | |
| ६ | व्यक्तिगत घटना दर्ता(जन्म, मृत्यु, बसाइसराईं, विवाह दर्ता, सम्बन्ध विच्छेद) प्रतिलिपी | ५००।- | |
| ७ | व्यक्तिगत घटना दर्ता तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | २००।- | |

| **पटके सवारी साधन एवं पर्यावरण तथा सडक मर्मच संभार शुल्क** | | | |
|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **पर्यावरण र सडक मर्मत संभार शुल्क** | **पटके सवारी साधन कर** |
| १ | ट्रेक्टर हाइड्रोलिक नभएको | १५।- | १५।- |
| २ | ट्रेक्टर हाइड्रोलिक | १५।- | १५।- |
| ३ | ट्रक,टिप्पर (नेपाली नम्बर प्लेट) | २०।- | २०।- |
| ४ | ट्रक,टिप्पर (भारतिय नम्बर प्लेट) | ३०।- | २०।- |
| ५ | जीप/कार | १०।- | १०।- |
| ६ | बस | २०।- | २०।- |

**अनुसुचि १३**

पर्यटन शुल्क

दफा (१४) सँग सम्बन्धित

**गाउँ कार्यपालिकाले कार्यपालिकाको वैठकले निर्धारण गरे वमोजिम हुनेछ ।**

**अनुसुचि १४**

निकासी कर

दफा (१५) सँग सम्बन्धित

| **प्राकृतिक स्रोत उपयोग शुल्क** | | |
|---|---|---|
| १ | नदी तथा वगर जस्ता सार्वजनिक क्षेत्रवाट उत्पादन भइ निकासी हुने नदीजन्य पदार्थ | प्रति मिटर रु १६०।- |
| २ | सार्वजनिक जग्गाको माटो, ढुँगा विक्री मुल्य सिफारिस समेत | प्रति मिटर रु १६०।- |
| ३ | निजी जग्गावाट उत्पादन भइ सार्वजनिक क्षेत्र वाट निकासी हुने खानीजन्य पदार्थ | प्रति टिप ५००।- |

| |
|---|
| गाउपालिकालाई तिर्नु बझाउनु पर्ने कुनै पनि कर,शुल्क,भाडा वा यस्तै प्रकृतिका कुनै पनि दायित्व चालू आ.व. भित्र नतिरेमा/नबुझाएमा पहिलो वर्षको लागि २० प्रतिशत, दोस्रो वर्ष २५ प्रतिशत र तेस्रोबाट ३० प्रतिशत थप जरिवाना समेत असुल उपर गरिनेछ |